जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- २०, २०८१ पुस ११ गते विहीबार, 26 Dec. 2024, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

प्रदेश प्रमुखद्वारा क्रिसमसको शुभकामना



मकवानपुर । बागमती प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले कृश्चियन धर्मावलम्बीहरुको प्रमुख चाड क्रिसमसको उपलक्ष्यमा शुभकामना व्यक्त गर्नुभएको छ।

बुधबार परेको क्रिसमसको अवसरमा उहाँले शुभकामना सन्देश मार्फत शुभकामना व्यक्त गर्नु भएको हो । "बागमती प्रदेश, देश तथा विदेशमा रहनुहुने सम्पूर्ण कृश्चियन धर्मावलम्बी दाजुभाई दिदी बहिनीहरुमा शुभकामना व्यक्त गर्दछु" शुभकामना सन्देशमा भनिएको छ ।

हरेक वर्ष डिसेम्बर २५ लाई ईसाई धर्मका अनुयायीहरु येशु खृस्टको जन्मदिनको रुपमा मनाइन्छ । क्रिसमसको बेला गीर्जाघरमा प्रार्थना गर्ने, घर सजावट गर्ने, उपहार आदानप्रदान गर्ने, सांस्कृतिक कार्यक्रम गर्ने अनि परिवार साथीसङ्गी भेला भएर शुभकामना बाँडेर र खानपिन गरेर रमाइलो र हर्षोल्लासका साथ मनाइन्छ ।

"हाम्रो देश धर्म निरपेक्ष देश हो । सबै धर्मलाई राज्यले एकै समानले हेरेको छ, हाम्रो धार्मिक सहिष्णुता संसारमै उदाहरणका रुपमा रहेको छ, हामी एक अर्काका धार्मिक स्वतन्त्रतालाई सम्मान गर्दै सभ्य र सुन्दर समाज निर्माणको दिशामा अझै अघि बढ्नुपर्छ" उहाँले शुभकामना सन्देशमा भन्नु भएको छ ।

चाडपर्वहरुले अङ्गीकार गरेका विशेषतालाई नेपाली समाज एकतामा बाँधिएको उहाँले बताउनु भएको छ । कृसमसले नयाँ उर्जा र उमङ्ग ल्याउने अपेक्षा प्रदेश प्रमुख देवकोटाले व्यक्त गर्नु भएको छ ।

वायोमेट्रिक अनिवार्य गराउने बारे जरुरी सूचना

नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेकाहरुले आर्थिक वर्ष २०८१/०८२ मा भत्ता प्राप्त गर्न २०८१ साल साउन १ गतेदेखि २०८१ भदौ मसान्तसम्म परिचय पत्र नविकरण गराउनु भएकोमा मिति २०८१ पुस मसान्तसम्म राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट अनिवार्य बायोमेट्रिक गराउन जानकारी प्राप्त भएकोले यसअघि बायोमेट्रिक नगरी नविकरण गराउनु भएको भए २०८१ पौष मसान्तसम्म वडा कार्यालयमा उपस्थित भइ बायोमेट्रिक गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

उल्लेखित समय भित्र सम्पर्क गरी बायोमेट्रिक नगराउनु भएमा सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

अध्यक्ष

ढलक बहादुर थापा

३ नम्बर वडा कार्यालय

हेटौडा उपमहानगरपालिका, मकवानपुर

निर्माण सकिएको १७ महिनापछि खुल्यो सुरूङमार्ग

○ सरिता दाहाल

मकवानपुर । मकवानपुर र बारा जिल्लाको सिमानामा पर्ने दक्षिण एसियाकै पहिलो मानव निर्मित सुरूङमार्ग पुनर्निर्माण सकिएको १७ महिनापछि स्थानीय सरकारलाई हस्तान्तरण गर्दै सर्वसाधारणको लागि खुला गरिएको छ ।


बागमती प्रदेशको राजधानी हेटौंडा उपमहानगरपालिका वडा न १५ मा पर्ने चुरियामाई सुरूङमार्ग पुनर्निर्माण कार्य २०८० साउन २२ गते सकिएको थियो । सुरूङमार्ग पुनर्निर्माणको लागि २०७८ साउन १४ गते शिलान्यास गरिएको थियो । आइतबार प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयले हेटौंडा उपमहानगर पालिकालाई हस्तान्तरण गरेको हो । राजधानी काठमाडौंलाई मकवानपुर को हेटौंडा हुँदै तराई जोड्न चन्द्र शम्मशेरको पालामा निर्माण गरिएको चुरियामाई सुरूङ मार्ग पुनर्निर्माणपछि सरकारको थियो ।"

चुरियामाई सुरूङ विक्रम संवत १९७४ मै बनेको थियो । नेपालका प्रथम स्नातक इन्जिनियर भनिने ब्रिगेडियर जनरल डिल्लीजंग थापाले ५ सय मिटर लम्बाइको यो सुरूङ मार्ग डिजाइन गरेका थिए । चुरे पर्वतमा बनेको यो सुरूङ मार्ग साढे ३ मिटर चौडाइ, ३ मिटर उचाइ र ५०० मिटर लम्बाइको छ । जसको एकापट्टिको भाग पुरिएपछि मार्गको करिब ३ सय ८० मिटर मात्र बाँकी रहेको थियो ।

माटो, इँटा, चुना र सुर्की प्रयोग गरी निर्माण गरिएको यो सुरूङ मार्गबारे स्वीस भूगर्भविद टोनी हेगनले आफ्नो पुस्तक "दी हिमालयन किंडम अफ नेपाल"मा पनि चर्चा गरेका छन् । राणाकालमा रक्सौलबाट बाराको अमलेखगञ्जसम्म रेल चल्थ्यो,त्यहाँबाट मकवानपुरको भीमफेदीसम्म बनाइएको







अब सर्वसाधारणले तोकिएको शुल्क तिरेर बारपार गर्न पाउने छन् ।

प्रदेशको पहिलो मुख्यमन्त्री डोरमणी पौडेल, हालका मुख्यमन्त्री बहादुर सिंह लामाको उपस्थितीमा भौतिक पूर्वाधार मन्त्री अमन मारकेले हेटौंडा उपमहानगरपालिका प्रमुख मिना कुमारी लामालाई चाबि हस्तान्तरण गरे । सुरूङ मार्गको भने प्रदेशको पहिलो मुख्यमन्त्री पौडेलले रिबन काटेर उद्घाटन गरेका थिए । यो ऐतिहासिक सुरूङ मार्गको एउटा खण्ड करिब ४० मिटर भत्किएको थियो । त्यसलाई मर्मत गरेर बारपार गर्न सक्ने बनाइएको हो ।

ऐतिहासिक यो यो सुरूङ मार्गमा २०२० सालसम्म सवारी नै आवतजात हुने गर्दथे । अहिले यसलाई पर्यटकीय स्थलको रूपमा विकास गर्न लागिएको पौडेलले बताए । "यो सुरूङमार्ग पर्यटकीय र अध्ययन थलो हो" पौडेलले भने "अवलोकन र पर्यटकीय केन्द्रको रूपमा विकास गर्ने योजना प्रदेश सडकमार्गमा चुरे पहाड छिचोल्दै हेटौंडा छिर्न समस्या थियो । चुरे पर्वत फोरेर घुमाउरो बाटो बनाउनुको विकल्पमा यो सुरूङमार्गबाट सीधा मार्ग खनेर गाडी चलाइएको थियो । यही सुरूङ मार्ग हुँदै चल्ने गाडीहरूले मकवानपुरको तत्कालिन सदरमुकाम भीमफेदीसम्म सजिलै ल्याउँथे । काठमाडौंसम्म जोडिने सडक नभएकाले भीमफेदीबाट भरिया लगाएर काठमाडौंसम्म सामान भित्राइन्थ्यो ।

प्रजातन्त्र पुनर्स्थापनापछि त्रिभुवन राजपथ बन्यो । त्यसैबीचमै यो सुरूङ मार्गको बीच खण्डमा विष्फोट गराएर भत्काएर त्यसैमाथि सडक बनाइएको थियो । २०७२ सालको भुकम्पले यसका अझै बढी क्षति गराएपछि सुरूङमार्ग गुमानाम बन्दै आएको थियो । प्रदेश सरकार ले त्रिभुवन राजपथको बक्स कटिङ रोडदेखि दक्षिणातिरको भागमा धसिएको स्थान मर्मत गरेर सुरूङ मार्ग खुलाइएको हो ।

पुरानो सुरूङ मार्गको ३० मिटर जति भाग धसिएको अनुमान गरी मर्मतका लागि डीपीआर निर्माण गरिएको थियो । तर मर्मत सुरू गरेपछि ४० मिटर भाग धसिएको पाइएको थियो। यसैगरी सुरूमा १९८ मिटर लम्बाइमा पुनर्निर्माण गर्नुपर्ने पूर्वानुमान भए पनि मर्मत गर्दै जाँदा ३३३ मिटर लम्बाइमा निर्माण गरिएको हो ।

३ करोड ३६ लाख १३ हजार रूपैयाँको लागतमा माउन्टेन इन्फ्रा कन्स्ट्रक्सनले २०७७ साल वैशाखमा सुरूङ मार्ग पुनर्निर्माणको ठेक्का पाएको थियो। सुरूमा एक वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी सम्झौता भए पनि कोरोना महामारी, प्राविधिक कठिनाइ देखाउँदै दुई पटक म्याद थपेर काम गरिएको हो ।

हेटौंडा उपमहानगरपालिका र बारा जिल्लासम्म सीमा जोडिने चुरियामाई मन्दिरमा बनाइएको सुरूङ भग्नावशेष थियो । बागमतीका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलको पालामा ऐतिहासिक चुरियामाई सुरूङको पुनर्निर्माण थालिएको थियो । २०७८ साउनमा थालिएको पुनर्निर्माण २०८० जेठमै बारपार गर्न मिल्ने बनाइएको थियो । १०६ वर्ष पुरानो सुरूङ पुनर्निर्माणसँगै एक अर्को इतिहास सुरू भएको प्रदेशका मुख्यमन्त्री बहादुरसी लामाले बताए ।

कार्यक्रममा जितपुर सिमरा उपमहानगरपालिकाका प्रमुख राजन पौडेलले भारतीय सिमानाको नजिकै रहेको सुरूङ मार्ग पर्यटकीय संभावना रहेको बताए। हस्तान्तरणपछि सुरूङलाई पर्यटकीय स्थलको रूपमा सञ्चालन गर्न उपमहानगर पालिकाले सहकार्य र समन्वय गर्ने पौडेलले बताए ।

अवलोकन शुल्क कति ?

उपमहानगरपालिकाले चुरियामाई सुरूङलाई पर्यटकीय स्थलका रूपमा सञ्चालन गर्न कार्यविधि निर्माण गरिसकेको छ । उक्त कार्यविधिमा सुरूङ अवलोकन गर्न आउने नेपालीलाई ५० रूपैयाँ र विदेशीलाई १२० रूपैयाँ शुल्क लाग्ने उल्लेख छ। विद्यार्थीहरूलाई २० रूपैयाँ प्रवेश शुल्क लाग्ने छ । पाँच वर्ष मुनिका बालबालिका, अपाङ्ग र जेष्ठ नागरिकले निःशुल्क अवलोकन गर्न पाउने छन् ।

चुरियामाई सुरूङ सञ्चालन कार्यविधि बनाएर उपमहानगरले पर्यटकीय स्थलको रूपमा विकसित गर्नेगरी अगाडि बढेको उपमहानगर पालिकाका प्रवक्ता तथा १ नम्बर वडा अध्यक्ष सविन न्यौपानेले जानकारी दिए। राणा प्रधानमन्त्री श्री ३ चन्द्रशम्शेरको पालामा वि.सं. १९७४ सालमा नेपाली सेनाका इञ्जिनियर डिल्लीजंग थापाले सुरूङमार्ग निर्माण गरेका थिए ।

नेपाली प्रविधि प्रयोग गरेर थापाले सुरूङमार्ग निर्माण गराएका थिए। करिब ५ सय मिटर लामो सुरूङ हुँदै मकवानपुरतर्फबाट प्रवेश गरेर बारा पुगिन्थ्यो । त्यतिबेला भारतबाट भीमफेदी हुँदै काठमाडौं पुर्‍याउने साना सवारीसाधन ल्याउन सुरूङ बनाइएको थियो ।

२०८१ पुस ११ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
बजार प्रतिनिधि :- गोपिनी दाहाल
प्रबन्ध व्यवस्थापक :- सिताकुमारी घिमिरे
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

क्रिसमस र सामाजिक सद्भाव

विशेष गरी क्रिश्चियन समुदायमा मनाइने प्रमुख चाड क्रिसमस हो । यो क्रिश्चियन समुदायको प्रमुख धर्मिक पर्व हो ।यो पर्व येशू ख्रिस्तको जन्म उत्सवको रुपमा मनाइन्छ। यस पर्वको मुख्य उद्देश्य प्रेम, करूणा, र सहकार्यलाई प्रवर्द्धन गर्नु हो । क्रिसमसको समयमा मानिसहरु एक आपसमा मित्रता र सहयोगका भावनाहरु साटासाट गर्छन । जसले समाजमा सामाजिक सद्भावलाई प्रोत्साहित गर्दछ। यस पर्वको क्रममा, गरिने विभिन्न सामाजिक कार्यहरुमा गरिबलाई गरिने सहयोग सबैभन्दा उच्च मानिन्छ । दान गर्नु र सामूहिक भोजहरु आयोजना गर्नु क्रिश्चियन समुदायको अनिवार्यता जस्तै हुन्छ ।

यसले समाजमा एकता र भाइचारा सुदृढ पार्दछ। क्रिसमसको भावना मात्र व्यक्तिगत धर्मिक उत्सवको रुपमा होइन,समाजको प्रत्येक सदस्यको भलाईमा आधारित छ। क्रिसमसको अवसरमा व्यक्तिमा प्रेम र शान्तिको सन्देश फैलिन्छ। यो वा त्यो वाहानमा विखण्डित हुनुभन्दा एकतामा बाँधिएर मानवता प्रवद्धन गर्नु सर्वोपरी हितको सवाल हो । क्रिसमस मात्र एउटा पर्व त हो नै साथै यसले सामाजिक जिम्मेवारी र आपसी सद्भावका लागि जागरुक गराउने अभियान पनि हो । क्रिसमसको समयमा परिवार, साथीभाइ र समुदायका सदस्यहरु एकअर्कासँग मिलेर खुसी मनाउँछन्, जसले समाजमा सामूहिक सहकार्य र सौहार्दको वातावरण निर्माण गर्दछ। संसारमा धर्मका नाममा ठुलाठुला दंगाहरू भएका छन्, क्षति भएका छन्। वास्तममा त्यो सामाजिक मातृत्व र सद्भावको अभावको कारण भएका हुन् ।

पर्वको नाममा आपसमा फुटेर हैन, मातृत्व जगाएर,मानवताको भावलाई बलियो बनाउनु आवश्यक छ । विभिन्न समुदाय र सांस्कृतिक पृष्ठभूमिका मानिसहरु मिलेर समाजिक आवश्यकको परिपुर्ति, सामाजिक सहकार्य र सहअस्तित्व कायम राख्नमा योगदान गर्नु जरूरी छ । भेदभावलाई हटाएर सबैलाई समान रुपमा सम्मान प्रदान गर्दै अवसरहरू प्रदान गर्दै, धर्म, संस्कृति र विचारबीचमा सहिष्णुता र समझदारीको भावना बढाऔं सबैमा शुभकामना।

पुरुषभन्दा कमजोर छ महिलामा पुस्ता हस्तान्तरण परम्परा



बिमला तुम्खेवा

घर कस्तो छ भन्ने बुझ्न त्यो घरको छोरी र बुहारीको अवस्था हेरे थाहा हुन्छ रे । सायद देशको अवस्था कस्तो छ यो बुझ्नको निम्ति समग्र महिलाहरूको सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक जीवन कस्तो छ भन्ने अवस्थाले निर्धारण गर्दछ । अत: यो अवस्थामा सुधार ल्याउन समग्र महिला विचार, वाद, धर्म, राजनीति र दृष्टिकोणहरूको अन्तरविरोधबाट माथि उठेर एक हुन जरूरी छ ।

नेपालका सबै राजनीतिक दलहरूको उपस्थिति र तथ्याङ्क हेर्ने हो भने अहिले पनि महिला निर्णायक तहमा कमै छन् । अहिले देखिएको सङ्ख्याले राजनीतिक पार्टीमाथि उठिरहेको प्रश्नलाई सम्बोधन त गर्ला तर महिलाको समग्र विकासतर्फ अझै पनि पार्टीहरू उदार देखिदैनन् ।

हाल प्रतिनिधिसभा र राष्ट्रिय सभामा गरी ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने प्रावधान अनुरूप नै प्रतिनिधिसभामा महिलाको सहभागिता लगभग ३३ प्रतिशत छ । प्रदेश सभाहरूमा महिलाको सहभागिता ३० देखि ३५ प्रतिशत रहेको छ । त्यस्तै स्थानीय तहमा ४० प्रतिशत अनिवार्य रूपमा महिला सहभागिता हुनुपर्ने व्यवस्था अनुरूप महिलाहरूको सहभागिता ४० प्रतिशत छ ।

यो महिलाको सामाजिक जीवनलाई अगाडि ल्याउन हाम्रो जस्तो विकासोन्मुख देशले हासिल गरेको महत्वपूर्ण उपलब्धि हो । तर त्यतिले मात्र सबै महिलाको जीवनमा परिवर्तन आउँछ त ? यसतर्फ गम्भीर भएर सोच्न जरूरी छ । नेपालको संविधानले महिलाको समान अधिकारको बारेमा स्पष्ट बोलिदिएको छ तर के समाजमा महिलाको अवस्था संविधानले व्याख्या गरे अनुरूप छ त ? आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, मानसिक दृष्टिकोणबाट नेपाली महिला आजको समयमा विश्व परिवेशसामु कहाँ छन् ? यी सबै सवालको जवाफ खोज्न पनि आउने निर्वाचनमा महिला सहभागिताको अवस्था र सङ्ख्या बढ्न जरूरी छ ।

दुई वर्षपछि फेरि स्थानीय निर्वाचन आउँदैछ, यो पल्ट नेपाली राजनीतिमा महिलाको सहभागिता र जितको सुनिश्चितता कति होला ? यसको निम्ति दलहरू कति उदार भएर आउलान् ? सम्बन्धित निकायहरूले यस विषयमा कसरी सोचिरहेका छन् ?

नागरिक समाज र महिला अभियन्ताहरूले यसलाई कसरी हेरिरहेछन् ? महिलालाई समान स्थानमा ल्याउन तपाईं-हामी सबैको भूमिका के रहनुपर्छ यस विषयमा समयसँगै सोच्न र सचेत रहन जरूरी छ, जसको कारण आउने दिनमा नेपाली महिलाको जीवन परिवर्तनको निम्ति ठूलो भूमिका खेल्छ । त्यसैले दलका महिला नेतृ, अभियन्ताहरू सचेत हुन जरूरी छ । पहिलो संविधानसभाताका जसरी चुरा बेच्दाबेच्दै आएका महिलाहरू अहिले आएर निकै परिपक्व भइसकेको अवस्था छ– उनीहरूले नजिकबाट पितृसत्तालाई चिनेका छन् । महिलाको अवस्थाको विषयमा सचेत र जानकार छन् ।

पार्टीमा लामो समयदेखि निरन्तर क्रियाशील महिलाहरू महिला समानताको निम्ति आधारस्तम्भ हुन्, तिनलाई जिम्मेवारी प्रदान गर्ने उदार ता पार्टीभित्र रहिरहनुपर्छ । महिला उम्मेदवारहरूको निम्ति लचिलो नीति अवलम्बन गर्नुपर्छ, पार्टीहरूले हौसला र प्रेरणा दिइरहनुपर्छ किनभने नेपालमा लोकतन्त्र आएकै कति भयो । त्यसमा पनि महिला बहुलरूपमा सामाजिक जीवनतर्फ अग्रसर भएकै कति भयो ।

बल्ल घर बाहिर निस्किएर समाजमा के भइरहेछ ? देश कसरी चलिरहेछ ? विश्व परिवेशमा महिलाको अवस्था के छ ? महिलामाथि मात्रै किन यति धेरै प्रश्न भनी प्रश्न गर्न सुरु गरेका छन् । यो आफैंमा राम्रो संकेत हो । शासन, सत्ता र शासनसम्म रहेको पितृसत्ताको दबदबामाथि प्रश्न गर्नु भनेको नेपाली समाज विस्तारै चेतनाको दृष्टिकोणबाट माथि उठ्नु हो ।

समग्र महिलाको अवस्थामा सुधार गर्न के गर्नुपर्ला भन्दा पार्टीभित्र स्थापित महिला नेतृहरूले राजनीतिमा आउन चाहने युवा महिलाहरूको निम्ति सकारात्मक र सहयोगी भावना राख्न जरूरी छ जहाँबाट निर्णायक भूमिका खेलिन्छ समग्र देश र समाजलाई अघि बढाउन । तर के त्यसैगरी अघिल्लो पुस्ताले पछिल्लो पुस्तालाई मार्गप्रशस्त गरिरहेको छ त ? के पछिल्लो पुस्ताहरू सचेत रूपमा अगाडि आइरहेका छन् त ? अहिले पनि कतिपय प्रश्नको हामीसँग स्पष्ट जवाफ छैन ।

पुस्ता हस्तान्तरणको परम्परा पुरुषभित्रै कमजोर अवस्थामा रहेको छ भने महिला नेताहरूमा निकै कमजोर छ । यो अवस्थालाई सुधार गर्न राजनीतिमा छवि बनाइसकेका अग्रणी महिलाहरूको ध्यान यता गएको देखिदैन ।

निरन्तरको दबाव, आन्दोलन र अभियानहरूले वर्तमान समयमा नेपाली महिलाले हासिल गरेका उपलब्धिहरू महत्वपूर्ण छन् । समानताको हक, महिलाको हक, महिला हिंसा विरुद्धको हक, समान राजनीतिक हक, समान पारिश्रमिक र रोजगारको हक, समान नागरिक अधिकार, प्रजनन् स्वास्थ्य सम्बन्धी अधिकारलाई कार्यन्वयन गर्न निरन्तर बहस गर्न जरूरी छ । जबसम्म दान र अनुदान भन्दा माथि उठेर महिला मुक्ति र परिवर्तनको विषयमा एक भएर सोच्न सकिन्न, हाम्रो आन्दोलन बाटैमा कहीं विलीन हुने सम्भावना रहन्छ । यो हुनु भनेको फेरि पनि आउने कैयौं पुस्तासम्म यो देशमा छोरीहरू म पनि मान्छे हो भनेर पितृसत्तासँग लडिर हनु हो । यो सबै अवस्थालाई सम्बोधन गर्न निर्णायक तहमा महिलाको उपस्थिति समान नभई सम्भव छैन ।

आज पनि लालपुर्जा हातमा भएर मात्रै भएन भोगचलनको अधिकार महिलासँग छैन । नेपालकै सुदूर बस्तीहरूमा महिलाले मिहिनेत गरेर बाख्रा पाल्ने, कुखुरा पाल्ने, घर, खेत, बारी सम्हाल्ने, अन्न उत्पादन गर्ने गर्छन् तर त्यसलाई भोग गर्ने विषयमा महिलाको अधिकार हुँदैन । त्यसो त सरकारदेखि दातृ निकाय सबै नै महिलाको विकासलाई केन्द्रमा राखेर योजना तथा बजेट बनाउन सचेत देखिन्छन् तर पींधमा रहेका महिलाहरूलाई यस विषयमा हेक्का नै छैन, यो संविधानले मेरो निम्ति के के अधिकारहरू सुरक्षित गरेको छ भन्ने ।

समानताको हक सम्बन्धी धारा ३८ ले महिलालाई हिंसाबाट संरक्षण दिने अधिकार, सम्पत्तिमा महिला र पुरुषलाई समान अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यको हक, राजनीतिक सहभागितामा समान हकको विषयमा स्पष्ट बोलेको छ। तर, जातकै आधारमा आज पनि यो समाजमा मान्छेले मान्छेलाई विभेद गरिरहेछ। छोरीहरू गर्भमै मारिनुपर्ने अवस्था अद्यापि छँदैछ । तसर्थ यस्ता अनगिन्ती सवाललाई राज्यले सम्बोधन गर्न र महिला कुनै सघाउ उपकरण होइन, यो समाजको हरेक आयामहरूमा उसको समान उपस्थिति, योगदान र सहभागिता छ भन्ने सरकारले बुझ्न जरूरी छ ।

तर समाजले त्यसो भनेन । हाम्रो मूल्य-मान्यताहरूले त्यसो भनेन । हाम्रो संस्कारहरूले त्यसो भनेन । साँच्चै भन्ने हो यो समाजले महिलाको अस्तित्वलाई समान रूपमा स्वीकार नै गरेको छैन । उल्टै यी मूल्य र मान्यताहरूले महिलालाई दु:खको भुमरीमा यसरी धकेल्यो कि यी सबै परिस्थितिहरूबाट माथि उठ्न महिलालाई शताब्दीऔं लाग्छ भन्ने भर्खरै अमेरिकामा सम्पन्न चुनावको नतिजाले स्पष्ट गरेको छ ।

यो समाजमा कैयौं कारणले पुरुष पीडित छन्, तर महिलाले बाँचिरहेको जीवन त्योभन्दा कैयौं गुणा कष्टकर छ । कुनै पुरुष बलात्कृत हुनु परेको छैन । छोरा नजन्माएको कारण घरपरिवारबाट परित्यक्त हुनु परेको छैन । दाइजो नल्याएको कारण जलेर मर्नु परेको छैन । मुम्बईको कोठीमा बेचिनु परेको छैन । छाउ बार्नुपर्ने कारणले गर्दा सर्पले डसेर मर्नु परेको छैन । काखको बच्चासँगै कोशीको भंगालोमा आत्महत्या गरेको समाचार यो समाजले सुन्नुपरेको छैन । सरकारले बुझ्न जरूरी छ आत्महत्या कमजोरी होइन यो अवस्था राज्य र समाजको व्यवस्थाहरूले सृजित गर्ने गर्छ ।

यी सबै सामाजिक अवस्थाबाट माथि उठ्न के गर्नुपर्ला ? पक्कै पनि नेपाली महिलाहरू आफैंले हिंडेर आएको बाटोतर्फ पुन: फर्केर आत्म-आलोचना गर्न जरूरी छ । दलगत हृवीप भन्दा माथि उठेर महिलाको मुद्दामा एक हुन जरूरी छ । नेपालको महिला सशक्तीकरण र आन्दोलनतर्फ फर्किएर हेर्दा १९४७ मा स्थापना भएको नेपाल महिला संघले महिलाको राजनीतिक र सामाजिक अधिकारको विषयलाई उठान गरेको थियो । जुन समयमा महिलाहरू घरबाट बाहिर निस्कन सक्नु नै ठूलो उपलब्धि मानिन्थ्यो । तर आजको अवस्थामा नेपाली समाजको विभिन्न आयाममा महिलाहरूले लडेर, संघर्ष गरेर उपस्थितिलाई मजबुत बनाएका छन् । यो महिलाले गर्न सक्छन् भन्ने दह्रो प्रमाण हो ।

घर कस्तो छ भन्ने बुझ्न त्यो घरको छोरी र बुहारीको अवस्था हेरे थाहा हुन्छ रे ।सायद देशको अवस्था कस्तो छ यो बुझ्नको निम्ति समग्र महिलाहरूको सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक जीवन कस्तो छ भन्ने अवस्थाले निर्धारण गर्दछ । अत: यो अवस्थामा सुधार ल्याउन समग्र महिला विचार, वाद, धर्म, राजनीति र दृष्टिकोणहरूको अन्तरविरोधबाट माथि उठेर एक हुन जरूरी छ । ***अनलाइन खबरबाट साभार***

महिनावारी:एउटा उत्सवको कथा, खुलेका बाटा

✍ सरिता दाहाल

मकवानपुर । “त्यो दिन मेरो जीवनको खास दिन थियो। पहिलो पटक महिनावारी भएको दिन म आफैँप्रति गौरवान्वित भएकी थिएँ। त्यो कुनै बोझ होइन, एउटा उत्सव थियो” सासा अधिकारी उत्साहित हुँदै भन्छिन् । मकवानपुर, हेटौँडाकी १५ वर्षीया सासा अधिकारी हाल कक्षा १० मा पढ्छिन्।

महिनावारी जस्तो विषयमा अन्य किशोरीहरूले डर, संकोच र भेदभावको सामना गर्नुपरेको देख्दा सासाको अनुभव भने पूरै फरक रह्यो। सासा ११ वर्ष ७ महिनाको हुँदा पहिलो पटक महिनावारी भइन्। त्यो दिनले उनको जीवनको एउटा अध्याय मात्र खोलेन, उनीप्रति परिवारको माया र समर्थनले उनलाई अझ बलियो बनायो ।

पहिलो महिनावारी: गर्व र उत्सवको प्रतीक

सासाको परिवार महिनावारीलाई प्राकृतिक प्रक्रिया मात्र होइन, उत्सवका रूपमा लिन्छ। आमा अनिता न्यौपाने र बुबा ध्रुव अधिकारी महिनावारीलाई गौरव र सशक्तीकरणको दृष्टिले हेर्छन् । “जसरी अरुले महिनावारीलाई समस्या ठान्छन्, त्यो मलाई कहिल्यै लागेको थिएन” सासा भन्छिन् । पहिलो महिनावारी भएको दिन सासाले कुनै डर वा संकोचबिना आमाबुबालाई सुनाइन् । “आमालाई सुनाएँ उहाँले हाँस्दै भनिदिनुभयो, ‘ल, आज बिन्दास रमाइलो गर्ने,’ अनि हामीले उत्सव मनाउने प्लान बनायौँ” सासाले खुशीसाथ सम्झिन्छिन् । त्यो दिन सासाले र उनकी आमाले मिलेर एकै डिजाइनमा कपाल काटे। सपरिवार सासाको रोजाइको चलचित्र हेर्न गए। बजार घुमे, आइसक्रिम खाए, र रमाइलो गरेर साँझ घर फर्के। “त्यो दिन यति विशेष थियो कि कुनै चाडपर्वभन्दा कम थिएन। त्यो सम्झना मेरो जीवनभर साथ रहनेछ” सासा भन्छिन् ।

महिनावारी व्यवस्थापनमा परिवारको भूमिका

सासा मात्र होइन, उनका आमाबुबा पनि महिनावारी व्यवस्थापनका लागि समान जिम्मेवार छन्। “आमाले साथ दिनुहुन्छ, तर बुबाले पनि मलाई आवश्यक सामग्री जुटाइदिनुहुन्छ” सासा बताउँछिन्। आमा र छोरीका लागि फरक-फरक प्याड चाहिने भएकाले, बुबाले उनीहरूको रोजाइ अनुसार सामग्री ल्याइदिनुहुन्छ । “पौष्टिक आहार, आराम, र सरसफाइका लागि म आफैँ सचेत छु। परिवारको साथले यो झन् सहज बनाउँछ” उनी थप्छिन् । सासाको जीवनमा महिनावारी कुनै डर वा बोझ होइन, बरु उनीप्रति गौरवको अनुभव हो। यो सोचले उनलाई मात्र होइन, समाजलाई पनि सन्देश दिन्छ। “महिनावारी हुँदा मलाई सधैं आफ्नै शरीरप्रति गर्व हुन्छ” सासा भन्छिन्।

सासाका यी सकारात्मक अनुभवले महिनावारीलाई एउटा सामान्य, सम्मानित, र उत्सवमय घटनाका रूपमा समाजमा प्रस्तुत गर्न प्रेरणा दिन्छ । यो कथा केवल सासाको होइन, हरेक किशोरीका लागि उदाहरण हुनसक्छ कि महिनावारी जीवनको साधारण र महत्वपूर्ण प्रक्रिया हो ।

महिनावारी भएको बेलामा छुन नहुने के के भनेर मैले पढेको, सुने मात्रै हो” सासा भन्छिन् “मेरा साथीहरुले पनि बार्ने गरेको सुनाउँछन्, मेरै आमालाई पनि उबेला महिनावारी व्यवस्थापन गर्न गाह्रो थियो रे, परिवार र समाजसँगै डर हुन्थ्यो



रे, कतै छुन नपाइने, छोइएला भनेर डराउन पर्थ्यो रे, मेरो आमाले महिनावारी नबारेको कारण समाज नै बसेको थियो रे, मेरो आमाले महिनावारी हुँदा छोएको भनेर घर चोख्याउन मामा घरको हजुर आमाले घर पूजा नै लगाउनु भएको थियो रे, आमाको बिहेपछिको पहिलो तीज ऋषिपञ्चमी ननुहाउन आमाले गर्नुभएको संघर्ष सुन्दा मलाई कथा जस्तै लाग्छ । यसो गर्दा मेरो आमालाई कत्ति धेरै औडाहा भयो होला, कहिलेकहीं सुनाउनु हुन्छ, मलाई नरमाइलो लाग्छ । धन्न मैले आमा र बुबाको साथ पाएँ । मलाई पूजाकोठा वा भान्सा कहि रोक छैन, न खान खेल्न नै रोक छ ।

सासा जस्तै महिनावारी खुसी सुनाउँछिन् हेटौँडाकी युवराज्ञी शर्मा । युवराज्ञीले महिनावारी भएकै बेलामा २०८१ को तिहारको धनतेरसको दिन पूजा गर्न आमालाई सघाइन् । लक्ष्मीपूजामा रङ्गोली बनाउने र पूजा गर्ने, भाइहरुलाई टीका लगाउने सबै गरिन् । मन लागेको सबैतिर सहभागी हुन, छुन रोकतोक छैन” युवराज्ञी भन्छिन् “बार्ने कुरो सुनेको मात्रै हो, मैले भोगेको छैन ।”

घर मर्यादित महिनावारीयुक्त हुँदा सासा र युवराज्ञीलाई विभेद खेप्नु परेको छैन । तर विद्यालयहरु अझै मर्यादित महिनावारीको सूचाङ्कमा माथि आउन सकेका छैनन् । जसको कारण उनीहरु विद्यालयमा केही न केही विभेद खेप्न अझै बाध्य छन् । सामुदायिक विद्यालयहरुले सन् २०१९ देखि निशुल्क महिनावारी प्याड वितरण गर्दै आएका छन्, तर ति प्याड महिनावारी हुनेहरुको आवश्यकता र रोजाइलाई सम्बोधन गर्ने प्रकारमा छैनन् ।

“सबैलाई उस्तै प्रकारको महिनावारी प्याडले सहज हुन्छ भन्ने छैन, केही साथीहरूलाई सुट भएको त्यै प्याड अर्कोलाई सुट हुँदैन, दुईभन्दा बढी प्रकारको प्याड स्कूलले व्यवस्थापन गर्दिनु पर्छ” सासा भन्छिन् “तर स्कूलले यस्तो व्यवस्थापनमा खास ध्यान पुऱ्याएको देखिँदैन । विद्यालयहरुमा वितरण गरिने प्याड कुनै कम गुणस्तरको भएको कारण लगाउँदा नै डल्लो पर्ने र कुनै लगाएपछि एलार्जी हुने गरेको युवराज्ञीले बताइन् ।

सासाको स्कूलमा नर्सङ रुम छ, महिनावारी हुँदा शारीरिक रुपमा समस्या आएमा त्यहा आराम गर्ने सुविधा छ । छुटेको पढाइ साथीहरू र गुरुहरूले बुझाइदिनु हुन्छ । गुरुहरुसँग आफू महिनावारी भएको र आफ्नो सहजताको लागि आवश्यक सवालमा उनी सहजै कुरा गर्न सक्छिन् । घरमा हुने व्यवहारले सासाको मनोबल उच्च छ र उनी आफ्नो सवालमा सहजै कुरा राख्न र महिनावारी विदेभको विरुद्ध बोल्न पनि सक्छिन् । सासाको अनुभवमा घरमा महिनावारी बार्नेहरु स्कूलमा पनि आफ्नो सवाल बताउन सक्दैनन् । उनीहरु केही न केही विभेद स्वीकार गरिरहेका र खेपिरहेका हुन्छन् । यो सवालमा युवराज्ञी पनि सहमत छिन् । “परिवारभित्र विभेद सहेपछि अन्यत्र पनि सहनु पर्छ भन्ने ज्ञान/आदत बस्ने रहेछ” उनी भन्छिन् “मलाई घरैमा विभेद सहनु छैन, अन्त पनि सहनै सक्दिन ।”

सासाको स्कूल नबोदयले महिनावारी प्याड उपलब्ध गराउने गरेको तर आफूलाई कम्फर्ट नहुने सासाले बताइन् । म खासै स्कूलको प्याड लगाउँदिन, आपत पर्दा (विद्यालय समयमै महिनावारी हुँदा) एक दुई घण्टाको लागि मात्रै लगाउँछु” उनी भन्छिन् । नवोदय विद्यालयका प्रिन्सिपल सिएम रिमालले भने विद्यालयमा ३ प्रकार को महिनावारी प्याड उपलब्ध गराउँदै आएको दाबी गरे । “कुनै कुनै विद्यार्थीलाई धेरै गाह्रो भएमा नर्स कोठा वा अस्पतालसम्म लैजाने व्यवस्था गर्ने गरिएको छ” रिमालले थपे ।

मर्यादित महिनावारीलाई व्यवहारमा उतारेपछि बालिकाहरुको आत्मबल नै बढ्ने गरेको पाइन्छ । विद्यालयहरुमा मर्यादित महिनावारीबारे खासै चर्चा हुने गरेको छैन । महिनावारी भन्नसाथ सरसफाइसँग मात्रै जोडेर हेर्ने गरिएको छ । महिनवारी हुनु भनेको फोहोर हुनु होइन, ताकी सर सफाइसँग मात्रै जोडेर हेर्दा पुग्नु । यो त मर्यादा, आत्मबल, गौरव तथा मानव अधिकारको सवाल हो। घर मर्यादित महिनावारीयुक्त हुँदा महिनावारी हुने व्यक्ति र नहुने व्यक्तिबीच कुनै भिन्नता छैन, सबै समान हो भन्ने बुझाइ हुन्छ, जसले व्यक्ति-व्यक्तिबीचको विदेभको अन्त्य हुन्छ । महिनावारी हुँदा र नहुँदाको समयमा गरिने व्यवहार, क्रियाकलापमा समानता हुन्छ । महिनावारी विभेदको अन्त्य भएपछि संविधानप्रदत्त सबै अधिकार प्रत्याभूतको लागि बाटो खुल्छन् ।

तर राम्रो शैक्षिक योग्यता हासिल गरेकाहरुले पनि महिनावारी विभेदलाई स्वीकार गर्दै आएको अनिता बताउँछिन् । “कलेजका प्रोफेसरहरुले पनि महिनावारी बार्ने गरेको देख्दा चाहिँ विरह लाग्छ” अनिता भन्छिन् ।

संविधान प्रदत्त अधिकार उपयोगको लागि खुलेको बाटो

घर मर्यादित महिनावारीयुक्त हुँदा बालिकाहरुको अवसरको ढोकाहरु खुल्छन् नेपालको संविधानले प्रदान गरेको मौलिक अधिकारहरु प्रत्याभूत हुनेछन् । जहाँ मर्यादित महिनावारी हुन्छ त्यहाँ संविधानले प्रदान गरेको मौलिक हकहरु प्रत्याभूत हुने बाटोहरु खुल्छन् । संविधानले व्यवस्था गरेको मौलिक हकहरु सम्मानपूर्वक बाँच्न पाउने हक (धारा १६), स्वतन्त्रताको हक (धारा १७), समानताको हक (धारा १८), छुवाछूत तथा भेदभाव विरुद्धको हक (धारा २४), धार्मिक स्वतन्त्रताको हक (धारा २६), स्वच्छ वातावरणको हक (धारा ३०), शिक्षा सम्बन्धी हक (धारा ३१), संस्कृतिको हक (धारा ३२), स्वास्थ्य सम्बन्धी हक (धारा ३५), खाद्य सम्बन्धी हक (धारा ३६), महिलाको हक (धारा ३८), सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक (धारा ३८,२) बालबालिकाको हक (धारा ३९), सामाजिक न्यायको हक (धारा ४२), सामाजिक सुरक्षाको हक (धारा ४३) लगायतको कार्यान्वयन हुनसक्छ ।

महिनावारी विभेदलाई स्वीकार गर्दा महिनावारी व्यक्ति र बालबालिकाहरु समेत यी मौलिक हकबाट बञ्चित हुन्छन् । के यो मावअधिकारको सवाल हैन र ? जब घरहरु मर्यादित महिनावारी युक्त हुन्छन्, विभेदका बाटाहरु रहँदैनन र अवसरहरु खुल्ला हुन्छ, तर, विद्यालय मर्यादित महिनावारीयुक्त नहुँदा तिनै बालिकाहरु विशेष सकस खेप्छन् ।

घर मर्यादित महिनावारीयुक्त हुँदा बालबालिकाहरु विभेदको शिकारबाट प्रताडित हुँदैनन् । उनीहरुलाई पोषिला खानेकुरा, खेल्ने र अन्य सांस्कृतिक गतिविधिमा रोकावट हुँदैन । समग्रमा व्यक्तित्व विकासमा टेवा पुग्छ । आमाले महिनावारी विभेद भोग्दै गर्दा आमाको प्रत्यक्ष संरक्षणमा रहने कलिला बालबालिकाहरुले पनि आमासँगै विभेद भोग्छन् । उनीहरुको बालअधिकारको प्रत्याभुत हुँदैन ।

मर्यादित महिनावारी समाजको लागि अत्यन्तै महत्वपूर्ण सवाल हो । अहिले बढी चर्चामा रहेका सवालहरु जस्तै बालमैत्री स्थानीय शासन, बालमैत्री विद्यालय तथा घरहरु, जलवायु परिर्वतनको सवालभन्दा पनि मर्यादित महिनावारीको सवाल महत्वपूर्ण सवाल हो । महिनावारीकै कारण संसार नियमित रुपमा चलिरहेको छ । जीवन एउटा उत्सव हो भने, महिनावारी महाउत्सव हो ।

विद्यालयहरुमा यसको लागि कुनै पनि सूचक पुरा गरिएको पाइँदैन । महिनावारी प्याड दिएर ठुलै योगदान गरेझैं मख्ख परेका विद्यालय प्रशासनले महिनावारी सामाग्री छनौटको अधिकारलाई बुझेका छैनन् । “अहिले स्थानीय तह नै बालमैत्री स्थानीय शासनयुक्त घोषणाको तयारी छौँ, हाम्रो धेरै वडाहरु घोषणा पनि भइसकेका छन्” हेटौँडा उपमहानगर पालिकाका प्रवक्ता सविन न्यौपाने भन्छन् “बालमैत्री भनेपछि बालबालिकाहरुको

बाँकी पेज ४ मा

महिनावारी : एउटा उत्सवको . . .

सबै समस्या/सवाल सम्बोधन हुनेछ ।" तर न्यौपानेले भनेझैं बालमैत्री अवधारणाले मर्यादित महिनावारीको सवाललाई समेटेको छैन । स्थानीय सरकार यसबारे सचेत नभएको मर्यादित महिनावारी अभियन्ता डाक्टर राधा पौडेल बताउँछिन् । घर, विद्यालय, समुदाय/होटल, तथा

कार्यस्थलहरु मर्यादित महिनावारीयुक्त हुनु आवश्यक छ । यसो हुँदा बालिका/महिनावारी हुने व्यक्तिलाई मात्रै हैन महिनावारी नहुने व्यक्ति पनि विभेदबाट छुट्कारा पाउँछ । व्यक्तिको समग्र व्यक्तित्व विकासमा बल पुग्छ । समग्रमा भन्नु पर्दा राज्यले लिएको दीगो विकासको लक्ष्य हासिलमा समेत यो अवधारणाले टेवा दिन्छ ।

महिनावारी-विभेद जटिल र बहुआयामिक सवाल

महिनावारी-विभेद जटिल र बहुआयामिक सवाल हो । यसलाई एकाङ्गी र सिधा तरिकाले सम्बोधन गर्न संभव छैन । मर्यादित महिनावारी अभियानकी अभियन्ता डाक्टर राधा पौडेलका अनुसार नेपालका विभिन्न फरक समाज र सम्प्रदायहरुमा ४० प्रकारभन्दा बढी विभेद छन् । जसलाई फरक फरक शैलीबाटै सम्बोधन हुनु जरुरी छ ।

महिनावारी प्राकृतिक प्रक्रियामा झन्डै ३ लाख वर्षयता मौनता कायम रहेको डा. पौडेल बताउँछिन् । राज्य तथा गैरराज्यको तहबाट प्रकाशित गरिएको पाठ्यपुस्तक तथा पठन सामग्रीमा महिनावारीको रगत सफा र शुद्ध रगत हो भनेर नलेखिएकै कारण र सामाजिक मूल्यमान्यता, शैक्षिक पद्धतीले गर्दा महिनावारी विभेदले मान्यता पाइरहेको उनी बताउँछिन् ।

व्यक्ति कुनै जात, धर्म, राजनीति, देशभन्दा पहिले मानव हो, उ महिनावारीबाट जन्मिएको हो, कुनै पनि बहानामा महिनावारी विभेद गर्नु गराउनु हिंसा र मानव अधिकारको हनन् हो भन्ने बहस चलेको भए जातीय विभेद अन्त्य नै नभए पनि अर्थपूर्ण तहले न्यून हुने डा. पौडेलको दाबी छ ।

एउटा महिनावारी विभेदित अभ्यास र धेरै विभेदित महिनावारी अभ्यासले दिने अन्तर्निहित मनोवैज्ञानिक सन्देश वा असर असमान शक्ति सम्बन्ध र पितृसत्ता निर्माण र सामाजिकीकरणको भूमिकालाई नजर अन्दाज गरिदै आएको उनको विश्लेषण छ । महिनावारी भएको करिब ५ दिन र महिनावारी नभएको करिब २५ दिनमा २४ सै घण्टा गरिने गतिविधिको तुलना लगायत बाबु छोरी, आमा छोरा, छोराछोरी बिच खुलमखुला महिनावारीका बारेमा छलफल हुनुपर्ने उनी बताउँछन् ।

महिनावारी विभेद मानव अधिकारकै सवाल हो । मर्यादित महिनावारी अभियन्ता पौडेलका अनुसार नेपालमा ९ र विदेशमा १० थरीका महिनावारी सामग्री पाइन्छन् । नेपालमा १५ देखि ४९ वर्ष उमेर समुहका महिला तथा किशोरीहरुसँग गरिएको अध्ययन अनुसार महिलाहरुले सुतीको कपडा, पुन: प्रयोग गर्न मिल्ने प्याड तथा बजारमा पाइने महिनावारी प्याड, ट्याम्पन, महिनावारी कपगायतका महिनावारी सरसफाई सामाग्री प्रयोग गर्छन् । प्याड ४ देखि ६ घण्टामा फेर्नुपर्ने हुन्छ । यसका लागि घर तथा विद्यालयमा शौचालय प्रयोग गर्नुपर्ने हुन्छ । तर शौचालयहरुमा व्यवस्थापनको लागि उचित वातारण हुनुपर्छ । प्याडको व्यवस्थापन तथा विसर्जन व्यवस्था नहुँदा विद्यालयमा नि:शुल्क प्याड वितरणले छात्राहरुको अनुपस्थितीलाई रोक्न सकेको छैन । सरकारले सामुदायिक विद्यालयका छात्राहरुलाई नि:शुल्क प्याड वितरण गरेपनि त्यो व्यवस्थापनमा झनै समस्या हुने गरेको विद्यालय प्रशासनले नै गुनासो गर्दै आएको छ ।

हेटौँडा १ मा रहेको श्रमिक माविकी प्रध्यानाध्यापक मालती उप्रेती छात्राहरुले प्रयोग गरेको प्याड व्यवस्थापन गर्न समस्या हुँदै आएको बताउँछिन् । यस बाहेक विद्यालयका शौचालयमा पानीको अभाव, शौचालयका झ्याल ढोका राम्ररी नलाग्ने हुँदा छात्राहरु कठिनाइ र विभेद भोग्न बाध्य छन् ।

विद्यालयहरुले नि:शुल्क वितरण गर्ने प्याडको लम्बाइ छोटो, रगत नथेग्ने, कम सोस्ने जस्ता गुणस्तर हीन हुने गरेको विद्यार्थीहरुको गुनासो छ । सामुदायिक विद्यालयका १५ देखि २२ प्रतिशत छात्राहरुले महिनावार ीका बेला विद्यालय छाड्ने गरेको बियोन्ड बेइजिङ कमिटी संस्थाको सेनेटरी प्याड विसर्जन अभ्यास २०२२ प्रतिवेदनमार्फत नै औल्याएको छ । २०८१ जेठ १३ गते कान्तिपुरमा प्रकाशित आलेख महिनावारी भएका बेला पूजा गर्न नमिल्ने, मन्दिर जान नमिल्ने, घाम हेर्न नमिल्ने, पुरुष व्यक्तिहरुलाई हेर्न नमिल्ने जस्ता ४० प्रकार का धार्मिक, सास्कृतिक, सामाजिक निषेध र प्रतिबन्धहरु भोग्नु परिरहेको राष्ट्रिय महिनावारी सञ्जालको अध्ययनले देखाएको छ ।

विद्यालयहरुले नि:शुल्क वितरण गर्ने प्याडको लम्बाइ छोटो, रगत नथेग्ने, कम सोस्ने जस्ता गुणस्तर हीन हुने गरेको विद्यार्थीहरुको गुनासो छ । सामुदायिक विद्यालयका १५ देखि २२ प्रतिशत छात्राहरुले महिनावारीका बेला विद्यालय छाड्ने गरेको बियोन्ड बेइजिङ कमिटी संस्थाको सेनेटरी प्याड विसर्जन अभ्यास २०२२ प्रतिवेदनमार्फत नै औल्याएको छ । २०८१ जेठ १३ गते कान्तिपुरमा प्रकाशित आलेख महिनावारी भएका बेला पूजा गर्न नमिल्ने, मन्दिर जान नमिल्ने, घाम हेर्न नमिल्ने, पुरुष व्यक्तिहरुलाई हेर्न नमिल्ने जस्ता ४० प्रकारका धार्मिक, सास्कृतिक, सामाजिक निषेध र प्रतिबन्धहरु भोग्नु परिरहेको राष्ट्रिय महिनावारी सञ्जालको अध्ययनले देखाएको छ ।

सञ्जालमा संयुक्त राष्ट्र संघीय तथा सरकारी निकाय, गैरसकारी तथा अन्तरर्राष्ट्रिय गैरसरकारी संघसंस्था, नागरिक समाज, विश्व विद्यालय, नीजि क्षेत्र, कलाकार लगायत ७५ भन्दा बढिको आबद्धता छ । यसले मर्यादित महिनावारी, महिनावारी स्वास्थ्य जनचेतनामुलक कार्य तथा नीतिगत पैरवी गर्दै आएको छ ।

नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ अनुसार महिनावारीका बेला ६५ प्रतिशत महिला मन्दिर जाने तथा धार्मिक गतिविधिमा संलग्न हुनबाट बञ्चित हुन्छन् । एक तिहाइ महिला अर्थात् सयमा ३४ जना महिनालाई छुन वा खाना पकाउनबाट बञ्चित गरिन्छ ।

यस्ता गलत परम्पराहरु जीवितै रहँदा महिलाले महिनावारीको बेलामा अमानवीय व्यवहार खेप्नु परेको छ । नियमित महिनावारी हुनु भनेको महिलाको पाठेघर, यौनाङ्ग पूर्ण रुपमा स्वस्थ छ भन्ने जनाउ हो । परिवार र समाजमा महिनावारीबारे खुलेर कुरा नगर्दा, विभेदपूर्ण व्यवहार गर्दा महिलामा एकपछि अर्को शारीरिक र मानसिक स्वास्थ्य समस्या देखिने गरेको छ ।



जलवायु स्थानीयकरणबारे बहस

सार्वजनिक सम्पदाको अवधारणा बुझ्न, यसलाई लैंगिक दृष्टिकोणबाट जलवायु समाधानका रूपमा अन्वेषण गर्नुपर्ने ।



○सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामा तामाङले वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) प्रतिवेदनलाई औपचारिकतामा मात्रै सिमित गरिन नहुने बताएका छन् ।

जलवायु कार्यको स्थानीयकरण: सार्वजनिक सम्पदा संरक्षण र न्यायमा लैङ्गिक दृष्टिकोणबारे प्रदेशस्तरीय संवाद कार्यक्रममा उनले यस्तो बताएका हुन् ।

'ईआईए रिपोर्ट छ वा छैन भन्ने मात्र हेरिन्छ, रिपोर्टमा के छ भनेर हेर्ने गरिँदैन,यो चलन हट्नुपर्छ, प्रभाव हेरेर काम गर्नुपर्छ,उनले भने । वातावरण संरक्षणमा सबैको दायित्व रहेको भन्दै उनले यसमा सबै पक्ष उत्तिकै सजग हुनुपर्ने बताए । वातावरणीय प्रभावलाई मुल्याङ्कन र समाधान गरेर काम गर्नुपर्ने र प्रदुषण न्यूनीकरणमा लाग्नुपर्ने र बाँकी काम गर्दै जानुपर्ने उनको भनाई थियो ।

कार्यक्रममा बागमती प्रदेशका सामाजिक विकासमन्त्री हरि प्रभा खड्गी श्रेष्ठले सरकार बलियो बनाउन स्थानीय तहलाई बलियो बनाउनु पर्ने बताइन् । स्थानीय उत्पादन, महिला उद्यमीलाई आफूले प्राथमिकता दिएको भन्दै उनले उद्यमशीलता र वातावरणमैत्री वनजन्य उत्पादनलाई जोडेर लगिएको दावि गरिन् । प्राकृतिक सम्पदा र सार्वजनिक सम्पत्तिको संरक्षणमा सबैले जोड दिनुपर्ने उनले बताइन् ।

यस छलफलमा उठेका महत्वपूर्ण विषयहरूलाई प्रदेश सरकारसम्म ल्याइदिन आग्रह गर्दै उनले त्यस्ता विषयलाई सम्बन्धित निकायमा लैजाने र आफ्नो तर्फबाट गर्नुपर्ने भूमिका पूरा गर्ने बताइन् ।

कार्यक्रममा बागमती प्रदेशका वन तथा वातावरण मन्त्री कृष्ण प्रसाद सिलवाललेे प्लाष्टिक नियन्त्रण र प्रकृतिको संरक्षणमा जोड दिए । हाम्रा क्रियाकलापहरू सुधार गरेर वातावरण जोगाउने हो भने मात्रै नयाँ पुस्तालाई हामीले सुन्दर पृथ्वी हस्तान्तरण गर्न सकिने उनले बताए । मन्त्री सिलवाललेे भन 'पृथ्वीलाई नोक्सान पार्ने मान्छे नै हो,संरक्षण पनि हामीले नै गर्नुपर्छ।'

कार्यक्रममा चितवन माडी नगरपालिकाका मेयर ताराकुमारी काजी महतोले प्राकृतिक सम्पदाको सम्भावनासँगै स्थानीय तहमा कानूनी जटिलताका कारण काम गर्न समस्या भएको बताइन् । 'संघीय कानून अनुसार चल्नुपर्छ, सरकार भन्ने अफ्त्यारो लाग्छ', उनले भनिन् । कतिपय अवस्थामा कानून बाझिने स्थिति रहेको भए पनि आफ्नो स्थानीय तहले सम्पदाको संरक्षण गर्दै जलवायु परिवर्तन न्यूनीकरणका गर्दै आएको बताइन् ।

कार्यक्रममा एक्सन एड नेपालका महिला अधिकार कार्यक्रम परियोजना अधिकृत कविता बरनेतले जलवायुका सवालमा हाम्रो स्थान के छ ? वा यस सम्बन्धी बनेका ऐन, ऐनका कार्य र प्रभाव, कार्वन व्यापार र लाभ, लगायत विषय बारे देशको अवस्था झल्काउने प्रस्तुती गरेकी थिइन् । वन तथा वातावरण र जलवायुसँग सम्बन्धित यथेष्ट ऐन, नियम र नियमावलीहरू बनेको भए तापनि यसको कार्यान्वयन प्रक्रिया वा सजाय र न्याय सरल नभएको विषय उनको प्रस्तुतीमा समेटिएको थियो ।

यसैगरी प्राध्यापक समीक्षा श्रेष्ठले सहरी विकास योजना सम्बन्धी प्रस्तुती गरेकी थिइन् । सार्वजनिक सम्पत्तिको नास हुँदै गएको र मानवीय जीवन पनि जोखिममा परेको उनले प्रस्तुतीमा समेटिएकी थिइन् ।

कार्यक्रममा दुईवटा प्यानल छलफल भएको थियो । जस अन्तर्गत पहिलो छलफलमा प्रदेश र स्थानीय सरकारमा जलवायु कार्यहरू विस्तार गर्ने जलवायु योजनाहरू र बजेट निर्माण तथा कार्यान्वयनका विषय रहेको थियो ।

उक्त छलफलमा बागमती प्रदेश सभा सदस्य भारती पाठक, पर्यावरण पत्रकार प्रतीक घिमिरे र दीगो विकास संस्थाका कार्यक्रम निर्देशक अभिषेक श्रेष्ठ प्यानलिष्ट थिए । नीति निर्माताले वन तथा वातावरणको क्षेत्रमा संवेदनशील हुनुपर्ने यस छलफलको निश्कर्ष र हेको थियो ।

त्यस्तै, सार्वजनिक सम्पदाको अवधारणा बुझ्ने र यसलाई लैंगिक दृष्टिकोणबाट जलवायु समाधानका रूपमा अन्वेषण गर्ने विषयमा प्यानल छलफल रहेको थियो ।

छलफलमा नीति तथा योजना आयोग बागमतीका उपाध्यक्ष डा. गङ्गा दत्त नेपाल, माडी नगर पालिकाका योजना अधिकृत शिव प्रसाद सुवेदी, प्राकृतिक स्रोतमा महिला अधिकार सञ्जालका अध्यक्ष आरती पाठक र प्राकृतिक स्रोत व्यवस्थापन, जैविक विविधता संरक्षण र पर्यावरणीय पर्यटनका विशेषज्ञ डा. रोचन शरचन प्यानलिष्ट थिए । प्राकृतिक स्रोतसँग महिलाहरू नजिक रहेको र यसलाई महिलाहरूले नै बुझ्ने तथा व्यवहार गर्ने गरेकोले महिलाहरूलाई जोडेर लैजान सकेमा प्रभावकारी हुने यस छलफलको निश्कर्ष थियो ।

कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, कृषि तथा वन विश्वविद्यालय, वन संकाय, हेटौंडाका सहायक डिन सञ्जय उपाध्याय, लिलु कुमारी मगर, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, प्याब्सन मकवानपुरका अध्यक्ष बिनोद सुवेदीको आतिथ्य रहेको थियो ।

जलवायु सम्बन्धी संघीय कानून, जलवायु कार्यको स्थानीयकरण तथा सार्वजनिक सम्पदा संरक्षण र न्यायमा लैंगिक दृष्टिकोणबारे छलफल गर्ने उद्देश्यका साथ एक्सन एड नेपाल, मकवानपुर महिला समूह र चितवन सक्रिय महिला प्रतिष्ठानले कार्यक्रमको आयोजना गरेको हो ।

वायोमेट्रिक अनिवार्य गराउने बारे जरुरी सूचना

नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेकाहरुले आर्थिक वर्ष २०८१/०८२ मा भत्ता प्राप्त गर्न २०८१ साल साउन १ गतेदेखि २०८१ भदौ मसान्तसम्म परिचय पत्र नविकरण गराउनु भएकोमा मिति २०८१ पुस मसान्तसम्म राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट अनिवार्य बायोमेट्रिक गराउन जानकारी प्राप्त भएकोले यसअघि बायोमेट्रिक नगरी नविकरण गराउनु भएको भए २०८१ पौष मसान्तसम्म वडा कार्यालयमा उपस्थित भइ बायोमेट्रिक गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

उल्लेखित समय भित्र सम्पर्क गरी बायोमेट्रिक नगराउनु भएमा सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

अध्यक्ष

शुकराम केसी

९ नम्बर वडा कार्यालय

हेटौडा उपमहानगरपालिका, मकवानपुर

जनहितमा जारी सन्देश

देशैभरी हाल डेंगु रोगको प्रकोप फैलिएर महामारीको रुप लिएको छ। सरुवा रोग तगा महामारी नियन्त्रण महाशाखा, स्वास्थ्य सेवा विभाग अनुसार यस रोग सम्बन्धी सामान्य जानकारी एवम् यसबाट बच्ने तरिका तपसिल बमोजिम रहेको सम्पूर्ण मा जानकारी सहित तल उल्लेखित रोकथामको उपायहरु अपनाई सुरक्षित एवम् रहनु हुन अनुरोध छ ।

डेंगु रोगको सामान्य परिचय:- यो डेंगु भाइरस बाट लाग्ने एक किसिमको कडा संक्रामक रोग हो । यो एडीस एजिप्पि भन्ने प्रजातिको लामखुट्टेको टोकाई बाट सर्दछ । यो प्राय सफा पानिमा बस्दछ ।

डेंगुरोगको केहि प्रमुख लक्षणहरु:- एक्कासी उच्च ज्वरो आउने, टाउको तथा मासपेशी/जोर्नीहरु दुख्ने, बाक वाकी लाग्ने वा बान्ता हुने र आफ्नो दैनिकी खानपान वा रुची नलाग्ने इत्यादि ।

(माथि उल्लेखित लक्षणहरु देखिएमा तुरुन्त स्वास्थ्य संस्था वा अस्पतालजानु होस्)

डेंगु रोग बाट बच्ने / रोकथामका उपायहरु:-

- पुरा बाहुला भएको लुगा लाउने
- झुल भित्र मात्र सुत्ने
- घर को इयाल ढोकामा लामखुटेनछिर्ने झुल लाउने
- घर कार्यलय एवम सार्वजनिक ठाउमा पानि जम्न नदिने
- जालुा खुल्ला पुर्ने र खाने पानि वा हुल घुहिएको छ भने तत्काल मर्मत् गर्ने
- गमलाको प्लेट,फुल दाबी कुलर आदिको पानि कम्तिमा हप्तामा एक पटक फेर्ने
- पानि जम्मा गर्ने भाडोलाइ लामखुटे छिर्न नसक्ने गरि छोप्ने

तसर्थ,लामखुटे को टोकाई बाट बच्नु नै डेंगु बाट बच्ने एक मात्र उपाय हो ।

५ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका

हेटौंडा मकवानपुर

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

<u>मुलुकी अपराध संहिता २०७४ अनुसार:</u> विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) ।यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ । विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन । त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं । सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

जुना दाहाल अध्यक्ष

११ नम्बर वडा कार्यलय

हेटौंडा

उपमहानगरपालिका

आधामारलाई कृषि एम्बुलेन्स हस्तान्तरण



○ सहीखबर संवाददाता

मकवानपुर । किसानले उत्पादन गरेका सामग्रीलाई सहज ढंगबाट बजारीकरणमा सहयोग पुऱ्याउने उद्देश्य अनुरुप हेटौंडा उपमहानगरपालिकाले चिस्यान सहितको कृषि एम्बुलेन्स हस्तान्तरण गरेको छ ।

संघीय सरकारको कृषि तथा पशुपंक्षी विकास मन्त्रालय मार्फत पालिकामा चिस्यान सहितको कृषि एम्बुलेन्स खरिदका लागि आएको १९ लाख रुपियाँमा थप गरी खरीद गरेको कृषि उत्पादन बोक्ने सवारी हेटौंडा १३ को आधामार कृषक समुहलाई हस्तान्तरण गरेको हो ।

संघीय लगानीबाट उपमहानगरको कार्यपालिका बैठकले थप रकम लगानी गरी खुल्ला प्रतिष्पर्धा मार्फत ३४ लाख ९० हजार रुपियाँको लागतमा खरीद भएको कृषि एम्बुलेन्स मंगलबार आधामार कृषक समुहका अध्यक्ष फेन्चु लामालाई हस्तान्तरण गरीएको हो ।

गत आर्थिक बर्ष २०८०/०८१ मा खरीद गरीएको कृषि एम्बुलेन्स सञ्चालनका लागि उपमहानगरले सुचना जारी गरेपछि परेको २ वटा कृषक समुह मध्य मुल्याङकनका आधारमा आधामार लाई योग्य मान्दै हस्तान्तरण गरीएको उपमहानगर कृषि शाखाका प्रमुख प्रदिप रेग्मीले बताए ।

उनका अनुसार चिस्यान सहितको एम्बुलेन्स भएकाले फलफुल, तरकारी सहितको उत्पादनलाई स्वच्छ ढंगबाट बजार सम्म लैजानका लागि आधामार योग्य देखिएकाले सञ्चालनको जिम्मेवारी दिइएको हो ।

एम्बुलेन्स हेटौंडा उपमहानगरपालिकाका नगर प्रमुख मीनाकुमारी लामा, उपप्रमुख राजेश बानियाँ, हेटौंडा-१७ का अध्यक्ष उद्धब सत्याल र उपमहानगर का प्रमुख प्रशासकीय अधिकृत सुर्यप्रसाद गौतमले चाबि र सम्झौता पत्र हस्तान्तरण गरेका थिए । हस्तान्तर गर्दै नगर प्रमुख लामाले न्युनतम मुल्य राखेर सञ्चालन हुने एम्बुलेन्सका कारण यस क्षेत्रमा रहेका कृषकहरुको उत्पादनलाई सहज ढंगबाट बजार सम्म ल्याउन सहयोग पुग्ने बिश्वास व्यक्त गरीन गरीन् । यस अघि मंगलबार नै हेटौंडा उपमहानगरपालिकाले जिल्लाको पुर्वि भेगमा रहेको बागमती गाउँपालिकालाई बिपद्मा आवश्यक दमकल, सुमो, पिकअप सवारी हस्तान्तरण गरेको थियो ।

सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेकाहरूले वायोमेट्रिक अनिवार्य गराउने सूचना

नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेकाहरुले आर्थिक वर्ष २०८१/०८२ मा भत्ता प्राप्त गर्न २०८१ साल साउन १ गतेदेखि २०८१ भदौ मसान्तसम्म परिचय पत्र नविकरण गराउनु भएकोमा मिति २०८१ पुस मसान्तसम्म राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट अनिवार्य बायोमेट्रिक गराउन जानकारी प्राप्त भएकोले यसअघि बायोमेट्रिक नगरी नविकरण गराउनु भएको भए २०८१ पौष मसान्तसम्म वडा कार्यालयमा उपस्थित भइ बायोमेट्रिक गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

उल्लेखित समय भित्र सम्पर्क गरी बायोमेट्रिक नगराउनु भएमा सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

५ नम्बर वडा कार्यालय

हेटौडा उपमहानगरपालिका

सार्वजनिक सेवा लिदा ध्यान दिऔं ।

- ☞ आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- ☞ आवश्यक कागजात/प्रक्रिया पुरा गरौं,
- ☞ नागरिक बडापत्रको प्रयोग गरौं,
- ☞ आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं,
- ☞ सेवा प्राप्त गर्दा आफैले लिऔं, विचौलियाको प्रयोग नगरौं,
- ☞ सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- ☞ जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिहरूलाई प्राथमिकता दिऔं,
- ☞ सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा गुनासो गरौं,
- ☞ अनियमितता र भ्रष्ट्राचार बिरूद्ध उजुरी गरौं,
- ☞ सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

मकवानपुरगढी गाउँपालिका

गाउँ कार्यपालिकाको

कार्यालय मकवानपुर

आगो, हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं

- ☞ आगो वा हिटरको नजिकबाट नताऔं,
- ☞ कागज कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजिकै नराखौं,
- ☞ कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं,
- ☞ हिटरलाई समय समयमा बन्द गर्ने गरौं,
- ☞ आगो वा हिटर बन्द गरेर मात्रै सुतौं
- ☞ आगो हिटर वाबिजुलीको काम सकिने वित्तिकै बन्द गरौं,
- ☞ बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं,
- ☞ गिजर खोलेर लामो समयसम्म बाथरुममा नबसौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड